# गाउँ कार्यपालिकाको ३५औं बैठकको निर्णय

**प्रस्ताव तथा निर्णयहरुः**

**१. प्रदेश समपुरक अनुदान तथा कार्यक्रम माग गर्ने सम्बन्धमा।**
**२. प्रदेश विशेष अनुदान कार्यक्रम माग गर्ने सम्बन्धमा।**
**३. विविध।**

## निर्णय नं १.

आ.ब. २०८१।०८२ का लागि प्रदेश समपुरक अनुदान कार्यक्रम अन्तर्गत संचालन गरिने आयोजना कार्यक्रम कार्यान्वयनका गर्न लुम्विनि प्रदेश सरकार अर्थ मन्त्रालयबाट मिति २०८०।१२।०८ मा प्रस्ताव आह्वान भएकोले सो अनुसार यस गाउँपालिकाबाट देहाय बमोजिम प्रदेश समपुरक अनुदानका लागि योजना छनौट गरी माग गर्ने।
तपसिलः

**क) समपुरक अनुदानका लागि छनौट भएका योजना**

१. सुरक्षित नागरिक आवास कार्यक्रम रु ३ करोड रुपैया
२. उच्च शिक्षाका लागि क्याम्पस निर्माण योजना रु १ करोड ३३ लाख ८५ हजार १६ रुपैया
३. विद्युत विस्तार योजना रु १ करोड २३ लाख ६२ हजार ४ सय ९७ रुपैया
४. बाघपाइले-खाक्सिबन-बलबाङ-खाक्सिबन-सापडाँडा सडक स्तरोन्नती योजना वडा नं ७ रु ९ करोड ८५ लाख ६६ हजार १ सय ८ रुपैया
५. वडा नं ४ र ५ जोड्ने अरङखोला पक्कि पुल निर्माण योजना रु १ करोड ५४ लाख ९१ हजार १ सय ३७ रुपैया
६. सखि बस्नेत टोल, खाति टोल, चिसापानी टोल, लाकुरी धारा टोल १ घर १ धारा खानेपानी निर्माण योजना वडा नं ९ रु ७० लाख

## निर्णय नं २ .

आ.ब. २०८१।०८२ का लागि प्रदेश विशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना कार्यक्रम कार्यान्वयनका गर्न लुम्विनि प्रदेश योजना आयोगको सचिवालयबाट मिति २०८०।१२।२७ मा प्रस्ताव आह्वान भएकोले सो अनुसार यस गाउँपालिकाबाट देहाय बमोजिम विशेष अनुदानका लागि योजना छनौट गर्ने।
तपसिलः

**क) विशेष अनुदानका लागि छनौट भएका योजना**

१. विसुरेखोला अमिले डोक्राबन लिफ्टीङ खानेपानि योजना वडा नं ६ - रु ५०,००,०००/-
२. नारेखोला राम्ली लिफ्टीङ खानेपानि योजना वडा नं १ - रु ३५,००,०००/-
३. भिमसेन मा.वि. भवन पुर्ण निर्माण योजना वडा नं ५ - रु ४०,००,०००/-

## निर्णय नं ३.

रुन्टीगढी गाउँपालिकाको वडा नं ८ कुर्जामा स्थापना हुने अस्थायी प्रहरी पोष्टका लागि आवश्यक पर्ने सामाग्रीहरु माग गरी मिति २०८०।१२।३० गते इलाका प्रहरी कार्यालय होलेरीबाट निवेदन पेश गरेकोले उक्त निवेदनमा माग गरिए बमोजिमका सामाग्रीहरु उपलब्ध गराउन मेशिनरी तथा औजार, फर्निचर तथा फिक्स्चर, तथा मसलन्द तथा कार्यालय सामाग्री शिर्षकबाट रकम खर्च गर्ने।